# नागरिक लगानी कोष
(नेपाल सरकारको स्वामित्व भएको)
(नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित)

## CITIZEN INVESTMENT TRUST
(Ownership of Nepal Government)
PAN No.: 300981807

Branch Office: Pokhara
Tel: 061-538030/31
Fax: 061-540234
Web: www.nlk.org.np
Email: info@nlk.org.np


प.सं. ना.ल.कोष २०७९/८० मिति : २०७९/०८/०८

च.नं. ११६

श्री सम्पूर्ण महानगर/नगर/गाउँपालिकाको कार्यालय,
गण्डकी प्रदेश,
नेपाल ।

**विषय : आवश्यक समन्वय/सहयोग सम्बन्धमा ।**

नागरिक लगानी कोषले संचालन गरेको कर्मचारी बचत वृद्धि अवकाश कोष तथा बीमा कोष कार्यक्रममा सहभागी भई रकम कट्टा गर्दै आउनु भएका शिक्षक/कर्मचारीहरुको कट्टी रकम Online प्रणालीबाट फाँटवारी अपलोड गर्ने र Online प्रणालीबाट रकम पठाउने व्यवस्था मिलाईएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । यो सुविधा उपयोग गरी Online प्रणालीबाट फाँटवारी अपलोड गर्दा समयमा नै सम्बन्धित सहभागीको खातामा रकम जम्मा हुने, भौंचर तथा फाँटवारी कोषमा पठाउनु नपर्ने, समयमा नै सहभागीको व्यक्तिगत खातामा रकम जम्मा हुने, दोहोरो खाता सृजना नहुने, गलत नम्बर र नाममा लेखांकन नहुने जस्ता सुविधा उपलब्ध भएकोले समय व्यवस्थापन तथा आर्थिकरुपमा मितव्ययी हुने तथा उक्त प्रणालीको प्रयोग गरी सहभागीहरुको हिसाव विवरण कार्यालय तथा सहभागी स्वयंले हेर्न मिल्ने भएकोले Online प्रणाली सम्पूर्ण सहभागी कार्यालय तथा सहभागीहरुलाई उपयोगी हुने विश्वास लिएका छौं ।

कोषबाट लागु भएको Online प्रणालीको उपयोग गर्न तहाँ कार्यालयको अधिकार क्षेत्रभित्र रहेका सरकारी कार्यालय (संघीय तथा प्रदेशस्तरका बाहेक), सामुदायिक विद्यालय तथा निजी संघ/संस्था/प्रतिष्ठानहरुलाई कोषको पत्र तथा जानकारी तहाँको अनुकुलतामा E-mail, Viber/Messenger Group मार्फत परिपत्र गरी दिनुहुन तथा तहाँ कार्यालयको वेवसाईट तथा सूचना पाटीमा समेत राख्ने व्यवस्था मिलाई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**संलग्न :**

१. Online प्रणालीमा आवद्ध हुन गर्नुपर्ने कार्यालय दर्ता तथा डाटा ईन्ट्री सम्बन्धी जानकारी

.....................
(नवराज गौतम)
कार्यालय प्रमुख

# नागरिक लगानी कोष

## अनलाईन फाँटवारी इन्ट्री गर्ने सम्बन्धी जानकारी

**पहिलो चरण**

**कार्यालय दर्ता गर्ने प्रक्रिया (एक पटक मात्र गर्ने)**

- कोषको वेवसाईट www.nlk.org.np मा जाने
- Eservice मा Click गर्ने
- Register For Eservice मा Click गर्ने
- User Type मा Office Login Choose गर्ने र Proceed मा Click गर्ने
- आफ्नो कार्यालय/विद्यालयको विवरण भर्ने
- Scheme Information मा सहभागी भएको कार्यक्रम छान्ने (शिक्षक बीमा कोषको हकमा शिक्षक बीमा कोष नयाँ छान्ने) र नयाँ कार्यालय कोड हाल्ने र + चिन्हमा Click गर्ने (नयाँ कार्यालय कोड कोषको कार्यालयबाट प्रत्यक्षरुपमा वा टेलिफोन बाट प्राप्त गर्न सकिन्छ ।)
- Attach Documents मा कार्यालयको लेटरहेडमा Eservice मा आवद्ध गरी Username र Password उपलब्ध गराईदिनुहुन भन्ने व्यहोराको पत्र बनाई Scan गरी Upload गर्ने र I agree मा Click गर्ने
- Submit मा Click गर्ने
- केही समय पश्चात उपलब्ध गराएको Mail मा Link प्राप्त हुन्छ र उक्त Mail मा Click गर्ने र User Name र Password प्राप्त हुनेछ ।

**द्वितिय चरण**

**कोषको प्रणालीमा Entry गर्ने प्रक्रिया**

- कोषको वेवसाईट www.nlk.org.np मा जाने
- Eservice मा Click गर्ने
- कोषबाट प्राप्त UserName र Password को प्रयोग गरी Login गर्ने
- DashBoard मा रहेको Office Scheme Collection Sheet Entry मा Click गर्ने
- Create मा Click गर्ने
- आफूले चाहेको Scheme Choose गर्ने, Bank Voucher Amount मा Total Amount राख्ने, Collection Head मा अन्तिम महिना र Staement From र To मा शुरु महिना देखि अन्तिम महिनासम्म Choose गर्ने
- Account No. मा Click गर्ने र सहभागीको नाम क्रमश: छान्ने र Amount मा कट्टी गर्ने रकम राख्ने,
- Bank Voucher Amount र Total Amount मिले पछि Confirm Save मा Click गर्ने
- Submission Number Generate हुन्छ र Voucher Print को लागि OK मा Click गर्ने
- Bank Voucher Generate भए पश्चात उक्त Voucher Print गरी बैंक चेक/नगदको साथमा आफूले कारोबार गर्ने बैंकमा जाने
- बैंकले Submission Number र Office Code उल्लेख गरी कोषको प्रणालीमा Submit गरे पश्चात कोषबाट Verify भई सम्बन्धित सहभागीको खातामा रकम Posting हुनेछ ।।
- बैंकबाट प्राप्त हुने Voucher को एक प्रति कार्यालयमा सुरक्षित राख्ने
- कुनै पनि किसिमको बैंक भौचर भर्न तथा विगतमा जस्तो भौंचर फाँटवारी कोषमा पठाउन नपर्ने ।
- Dashboard मा रहेको Office Report को प्रयोग गरी सहभागीहरुको व्यक्तिगत विवरण समेत हेर्न मिल्ने ।
- आफ्नो मोबाईल नम्बर अद्यावधिक गरी आफ्नो खातामा रकम जम्मा भएको जानकारी SMS मार्फत पाउन सकिने ।

**थप जानकारीको लागि कोषको सम्पर्क नम्बरहरु :**

नागरिक लगानी कोष, केन्द्रीय कार्यालय, काठमाण्डौं ०१-५९७०२०१
नागरिक लगानी कोष, शाखा कार्यालय, पोखरा ०६१-५४०२३४, citpokhara@gmail.com
नागरिक लगानी कोष, शाखा कार्यालय, विराटनगर ०२१-४७४९९६, laganikosh@gmail.com
नागरिक लगानी कोष, शाखा कार्यालय, बुटवल ०७१-५३४५२१, cit_butwal@nlk.org.np
नागरिक लगानी कोष, शाखा कार्यालय, अत्तरीया ०९१-५९०३२५, cit_attariyabranch@nlk.org.np